नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## बैदेशिक शिक्षासम्बन्धी परामर्श सेवा उपलब्ध गराई रहेका शैक्षिक परामर्शदातृ संस्थाहरूलाई अत्यन्त जरुरी सूचनाः

बैदेशिक अध्ययनका लागि विभिन्न मुलुकमा विभिन्न संस्थाको परामर्शमा गएका विद्यार्थीहरू शिक्षण संस्था नहुने, तालिम केन्द्रलाई शिक्षण संस्थाको रूपमा पहिचान गरिने तथा सम्बन्धित देशबाट औपचारिक रूपमा शिक्षण संस्थाको मान्यता नपाएको संस्थाका नाममा अफरलेटर झिकाई अध्ययनका लागि पठाइने कारणबाट ठगिने तथा विभिन्न समस्यामा परेको जनाई विद्यार्थीहरू, सञ्चारका माध्यमहरू, दर्तावाला चिकित्सकबाट शैक्षिक परामर्श व्यवसायमा संलग्न भई Code of Ethics and Professional Conducts, 2017 को उल्लङ्घन हुनेगरी भएका विज्ञापनका प्रतिहरूसहित नेपाल मेडिकल काउन्सिलबाट विज्ञप्तिमार्फत र नेपाल सरकारका कुटनीतिक निकायहरूबाट उजुरी, गुनासा तथा पृष्ठपोषणहरू प्राप्त भएका छन् ।

शिक्षा ऐन, २०२८ (संशोधनसहित) बमोजिम शैक्षिक परामर्श सेवा सञ्चालनको स्वीकृति शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट लिनु पर्ने प्रावधान रहेको विदितै छ । विद्यार्थी तथा नागरिकबाट आफ्ना समस्या दर्साउदै परेका उजुरीहरूमा उल्लिखित कतिपय संस्थाहरू मन्त्रालयको अभिलेखमा नदेखिँदा समस्या समाधान र अनुसन्धान तथा अनुगमनमा समेत प्रतिकूल असर परिरहेकाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत प्राप्त संस्थाहरूले मात्र बैदेशिक शैक्षिक परामर्श सेवा उपलब्ध गराउनु हुन, विद्यार्थी तथा अभिभावकहरूले परामर्शसेवा सञ्चालनको अनुमतिप्राप्त गरेका संस्थाहरूबाट मात्र सेवा लिन, त्यस्तो परामर्श सेवा उपलब्ध गराउदा अफरलेटर प्राप्त संस्थाको सरकारी आधिकारिकता जाँच गर्न र गलत वा भ्रामक सूचना वा विज्ञापन नगर्न सम्बन्धित सवैमा सूचित गरिन्छ । शिक्षण संस्थाहरूको सरकारी आधिकारिकता जाँच गर्न देहाय बमोजिमका लिङ्कहरू प्रयोग गर्न सकिने बेहोरा समेत जानकारी गराइन्छ । अभिभावक, विद्यार्थी र सर्वसाधारणबाट कुनै गुनासा भए शाखाको इमेल ठेगाना ecvs@moest.gov.np मार्फत जानकारी गराउन सकिने बेहोरा अनुरोध गरिन्छ ।

तपसिल;

China: https://hudong.moe.gov.cn/qggxmd/
Australia: https://cricos.education.gov.au/institution/institution search.aspx
Norway: https://nokut.no/en/higher-education/higher-education-institutions/
UAE: https://www.caa.ae/pages/institutes/All.aspx
UK: Office for Student(QFS) httpa://www.gov.uk/check-university-award-degree
Ireland: https://irq.ie/



Scanned with CamScanner

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

स्पेन सरकारको Registro de Universidades,Centrosy Titulos (RYCT)
https://www.educacion.gob.es/ructconsultauniversidades?actual=universidades
माल्टा सरकारको MFHEA Malta Qualification Database
https://qualifications.mfhea.gov.mt/#/institutions
America: https://ope.ed.gov/dapip/#/agency-list
https://ope.ed.gov/dapip/#/institution-profile/133872
https://ope.ed.gov/dapip/#/home
Germany: www.wissenschaftsrat.de.
Italy: https://cercauniversita.cineca.it/
https://www.universitaly.it/index.php/university/universitaitalia.
https://www.afam.miur.itargomenti/instituzioni.aspx
Lithuwanywa: https://www.aikos.smm.lt/StudyPragramm/EducationProviders.
France: https://www.cefdg.fr/ecoles-et-formations-evaluees
Korea: Korea University Accreditation Institute(KUAI)

मितिः २०८२/०९/१४ गते सोमबार

फोन नं.:
वेबसाइट: www.moest.gov.np

Scanned with CamScanner